**निर्णय नं. १**

आगामी आर्थिक बर्ष २०७३।७४ का लागि प्रस्तावित आय व्यय रु ६६ करोड ८२ लाख ८० हजार हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै गत आर्थिक बर्ष २०७१।७२ को यथार्थ आय व्यय, चालु आर्थिक बर्ष २०७२।७३ को संसोधित आय व्यय आगामि आर्थिक बर्षको अनुमानित आय व्यय र चालु तथा पुजीगत खर्चको पुष्ट्याई संलग्न **अनुसूची १** बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

आगामी आर्थिक बर्ष २०७३/७४ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु **अनुसुचि–२** बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै वडा भेलाबाट छनौट भई आएका तर स्रोत अभावको कारण बजेटमा समावेश नभएका दोस्रो प्राथमिकताका कार्यक्रमहरु (P2) लाई नगरपालिकामा प्राप्त हुने थप स्रोतबाट नगरपालिका बोर्डको निर्णय अनुसार कार्यान्वयन गर्न र अन्य निकाय र जि.वि.स. बाट कार्यान्वयन हुने योजनामा समावेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

राजस्व परामर्श समितिको सुझाव समेतका आधारमा आगामी आर्थिक बर्ष २०७३।७४ का लागि नगरपालिकाले लिने कर, दस्तुर, शुल्क आदिको दररेट संलग्न **अनुसुचि ३** बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो । साथै एकिकृत सम्पीत्तकर व्यबस्थापन निर्देशिका २०६८ लाई समेत परिमार्जन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिका कार्यालयको अगाडी रहेको पसल कवलहरुमा हाल बसीरहेका व्यसायीहरु लामो समय देखि बस्दै आएको र सालबसाली रुपमा भाडा वृद्धि नहुदा बजार दरको तुलनामा हालको भाडा दर अत्यन्त न्यून रहेको हुँदा आ.ब. २०७३/७४ पछि खुल्ला प्रतिस्पर्धाद्वारा भाडामा लगाउने निर्णय गरियो ।

**निर्णय नं. ५**

पदपूर्ति समितिबाट मिति २०७२/९/१६ मा पेश भएको आ.ब. ०७२/०७३ को बार्षिक प्रतिवेदन समिक्षा सहित अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिकाको कर्मचारी दरबन्दी विवरण र संगठन संरचना संलग्न **अनुसुचि ४** बमोजिम हुने गरी स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ७**

चार्टर एकाउन्टेन्ट्स प्रमोद पन्थी एण्ड एशोसिएटस्ले मिति २०७२/९/१६ मा पेश गर्नु भएको आ.व. २०७१/०७२ को अन्तिम लेखा परीक्षण प्रतिवेदन माथि छलफल गरी प्रतिवेदनमा समााविष्ट सुझावहरु कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८**

यस कार्यालयको आर्थिक बर्ष २०७३/७४ को स्वीकृत दरवन्दी अनुसारको तलवी प्रतिवेदन पाना ७ (सात) **अनुसुचि ५** बमोजिम पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

नगरपालिकाद्धारा आयोजना गरिएको आ.ब. २०७१/७२ को सामाजिक परीक्षण कार्यक्रमको मिति २०७२।८।१४ मा प्राप्त प्रतिवेदन सम्बन्धमा जानकारी भई अनुमोदन गरियो तथा सामाजिक परीक्षणबाट प्राप्त सल्लाह, सुझावलाई नगरपालिकाको नीति योजना तथा कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्दै जाने निर्णय गरियो ।

**निर्णय नं. १०**

आगामी आर्थिक बर्षका लागि घरनक्सा पास सम्बन्धी शुल्क चालु आर्थिक बर्ष २०७२/७३ मा कायम भएको दररेटलाई नै कायम गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**

आ.ब. ०७३/०७४ को लागि नगर परिषद्बाट स्वीकृत योजना तथा कार्यक्रम सञ्चालनको लागि बार्षिक कार्यतालिका (कार्य योजना) बनाई योजना कार्यान्वयन गर्न नगरपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. १२**

गत आ.ब. र चालु आर्थिक बर्षको हालसम्मको अवधीमा सम्पन्न भई जाँचपास तथा फरफारक भएका संलग्न **अनुसुचि ६** बमोजिमका योजनाहरुलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

निम्नलिखित योजनाहरुलाई जि.वि.स. रुपन्देहीको आगामी वर्षको बार्षिक कार्यक्रममा समाबेश गर्न अनुरोध गर्ने निर्णय गरियो ।

क. भैरहवा नमुना क्याम्पसमा फर्निचर, उपकरण तथा पाठ्यपुस्तक
ख. लिलाराम उच्च मा.वि. भवन निर्माण
ग. मदरसा अरेविया अशरफिया फैजुल इशलाम (रहमानिया मदरसा) सि.न.पा. ६ भवन निर्माण

**निर्णय नं. १४**

आ.ब. ०७३/०७४ को केन्द्रिय योजनामा समावेश गरी दिन निम्नानुसारको योजनाहरु नेपाल सरकारका सम्वद्ध मन्त्रालयहरु तथा राष्ट्रिय योजना आयोगमा अनुरोध गर्ने निर्णय गरियो ।

क. पञ्चवाटिका पार्क निर्माण गर्ने (पिकनिक स्थल) ।
ख. सि.न.पा. वार्ड नं ५ स्थित हाटबजारमा आधुनिक बजारस्थल निर्माण ।
ग. सि.न.पा. वडा नं. १२ भीमकालीपथ उत्तर दिपज्योतीपथ (बुद्ध ज्योती स्कुल पूर्व) नालाको किनारबाट रुद्रपथ, काशी स्कुल देखि जनकपथ हुँदै प्रभातपथ नाला किनारको बाटो पक्की बनाउने ।
घ. वडा नं. १ बेलहिया देखि पक्लिहवा जाने सडक कालो पत्रे ।
ङ. सि.न.पा. वडा नं. ११ सिसवा देखि गोनाहा गा.वि.स. जोडने घाघरा खोलामा पक्की पुल निर्माण ।
च. बेलहिया देखि अन्चलपुरसम्म सिद्धार्थराजमार्गमा सौर्य सडकवत्ति, हरियाली तथा आकासेपुल निर्माण ।
छ. सि.न.पा. वार्ड नं. ८ उचमिपथ देखि चिल्हिया जाने सडक कालोपत्रे ।
ज. सि.न.पा. वार्ड नं. ९ गोलिगढ देखि सानोदुमदुमुवा हुदै हाँटी फर्साटिकट जाने सडक कालोपत्रे ।
झ. सिद्धार्थबस टर्मिनल विस्तार तथा बेलहियाको जीपपार्क तथा टर्मिनल भवन निर्माण ।
ञ. अन्नपूर्णटोल दुर्गा मन्दिरको जग्गामा धर्मशाला निर्माण
ट. सि.न.पा. वार्ड नं. ८ पुष्पलाल पथमा पक्की नाली र सडक पिच ।
ठ. होटल रेडसन् देखि सि.न.पा. ९ गोनहियामा निर्माणाधिन अटोभिलेज जोड्ने पक्की पुल निर्माण ।
ड. सि.न.पा. वार्ड नं. ३ दरखसवा देखि काँटा गाउँ सम्म पक्की नाली तथा सडक पिच ।
ढ. सिद्धार्थ रंगशालामा पर्खाल निर्माण ।
ण. सिद्धार्थनगर नगरपालिका रिङ्गरोड निर्माण ।

**निर्णय नं. १५**

सार्वजनिक नीजि साझेदारी अवधारणा अन्तरगत परिचालन गर्न उपयुक्त देखिएको नगरपालिकाको स्वामित्व र जिम्म्मामा रहेको अचल सम्पत्तिलाई नीजि क्षेत्र मार्फत परिचालन गर्ने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १६**

नगरपालिका क्षेत्र भित्रको मिनही घरवासको जग्गा स्वामित्व हस्तान्तरण सम्बन्धी नगरपालिकामा कारोवार हुँदा लाग्ने दस्तुरमा दिईने छुट सुविधालाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १७**

चालु बर्षको व्यवसाय कर आश्विन मसान्त भित्र तिर्न आएमा व्यवसाय करको १५(पन्ध्र) प्रतिशत रकम छुट दिने नितीलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १८**

आगामी आ.व. २०७३।७४ का लागि नगरपालिकाले उठाउने कर, दस्तुर तथा शुल्क असूलीका लागि राजश्व परामर्श समितिको सिफारिस अनुसार वार्षिक ठेक्का अंक संलग्न **अनुसूची ७** वमोजिम कायम गर्ने र ठेक्का सम्झौताको वखत एकमुष्ठ रकम बुझाउनेलाई १०% छुट दिने नीतिलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. १९**

आगामी आ.व. २०७३।७४ मा नगरपालिकाको लागि विद्यमान करका दरहरु परिमार्जन गर्न वा करको नयाँ दर कायम गर्न आवश्यक परेको अवस्थामा सोको स्वीकृत गर्ने अधिकार नगरपालिका बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

विगतका नगरपरिषद बैठकबाट स्वीकृत भई कार्यान्वयनमा रहेका देहायका कार्यविधि/निर्देशिकाहरुमा समयानुकुल परिमार्जन गर्न र नयाँ कार्यविधि वा निर्देशिका जारी गर्न आवश्यक भएमा सो समेत गर्न स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा २६४ बमोजिम नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

(क) कर्मचारी कल्याण कोष सञ्चालन सम्बन्धी निर्देशिका
(ख) नगरपालिकाको कर्मचारी प्रशासन विनियमावली
(ग) भवन तथा योजना मापदण्ड निर्देशिका/कार्यविधि, २०७२.
(घ) मासु पसल व्यवस्थापन कार्यविधि

**निर्णय नं. २१**

नगरपालिका बोर्ड बैठकबाट गत बर्षको पौष २८ देखि चालु आ.व. को पौष महिनाको १९ गतेसम्म भएका निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २३**

आगामी आ.व. २०७३।०७४ का लागि नियमानुसार कट्टी हुने कन्टिन्जेन्सी रकमबाट संलग्न **अनुसूची ८** मा समावेश भएका कार्यक्रमहरु सञ्चालन गर्ने गरी कार्यक्रम स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपीलिकाबाट सञ्चालन हुने १० लाख वा सो भन्दा बढीका आयोजनामा विद्युतिय माध्यमद्वारा बोलपत्र दाखिला गर्ने (e-submission) पद्धतिको कार्यान्वयनलाई निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २५**

आर्थिक बर्ष २०७३/७४ को कर, दस्तुर, शुल्कमा परिमार्जन भएको कारण नगरपालिकाको साविकमा स्वीकृत नागरिक वडापत्रमा उल्लिखित सेवा शुल्कलाई समेत परिमार्जन गर्नुपर्ने हुँदा नागरिक वडापत्रलाई सोही अनुसार परिमार्जन गरी लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

नगरपालिकाको दैनिक सरसफाई तथा सडकवत्ति मर्मतका लागि आवश्यक पर्ने कुचिकार तथा विद्युत्त मिस्त्री र हेल्परहरु स्वीकृत बजेटको परिधिभित्र रही सेवा करारमा लिई काममा लगाउदै आएकोमा सो कार्यलाई आगामी बर्षमा पनि निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. २७**

फोहोरमैला व्यवस्थापन कार्यलाई थप व्यवस्थित गर्ने सन्र्दभमा जैविक र अजैविक फोहोरलाई श्रोतमै बर्गीकरण गर्ने कार्यक्रम आगामी आ.ब. २०७३/७४ देखि वार्ड नं. ५, ७, ८, ९ र १२ मा सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

आगामी आर्थिक बर्षमा जनस्वास्थ्य प्रवर्द्धनका लागि HIV Aids, लागुपदार्थ दुर्व्यसन, प्रजनन स्वास्थ्य तथा मासुपसल अनुगमन जस्ता कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

सिद्धार्थनगर नगरपालिकाको क्षेत्रभित्र हुनसक्ने सम्भावित जोखिमहरु र विपदहरुबाट हुने जनधनको सुरक्षाको लागि विपत जोखिम व्यस्थापन कार्ययोजना DRMP बनाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३०**

आगामी आ.ब.का लागि रु ५० लाख भन्दा बढी लागतका योजनाहरुको सामाजिक, आर्थिक बातावरणीय एवम् प्राविधिक पक्षका साथै लागत अनुमान, नक्सा डिजाईन स्पेसिफिकेशन तथा आयोजनाको दीगोपन सम्बन्धी विषयहरु समावेश भएको सम्भाव्यता अध्ययन प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

यस नगरपालिकाको आन्तरिक श्रोतको अभिवृद्धिका लागि राजश्व सम्भाव्यता अध्ययन गर्ने कार्य परामर्शदाता संस्था मार्फत भैरहेको हुँदा उक्त प्रतिवेदन स्वीकृत गरी कार्यान्वयन गर्ने अधिकार न.पा. बोर्डलाई प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

सिद्धार्थनगर नगरपालिकाबाट विगतमा तयार गरिएको नगर पार्श्वचित्र (City Profile) लामो अवधि सम्म परिमार्जन हुन नसकेको कारण सोमा उल्लिखित कतिपय विवरण तथा सूचनाहरु पुरानो भई निरर्थक हुन गएको हुँदा उक्त पार्श्वचित्रलाई परिमार्जन गरी समय सापेक्ष बनाउने निर्णय गरियो ।

**निर्णय नं. ३३**

यस नगरपालिकाले तयार गरेको प्रथम आवधिक योजना (आ.ब.२०६७/६८ देखि २०७२/७३) को म्याद चालु आ.ब.को आषाढ मसान्तमा समाप्त हुने भएको हुँदा आगामी बर्ष दोस्रो आवधिक योजना तर्जुमा कार्य सम्पन्न गर्ने र यसका लागि आवश्यक बजेट उपलब्ध गराईदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५ तथा सूचनाको हक सम्बन्धी नियमावली (दोस्रो संसोधन) २०६५ को नियम ३ बमोजिमको सूचना **अनुसूचि ९** बमोजिम सूचीकृत गरी प्रकाशन गर्ने कार्यलाई आगामी आ.ब. मा निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ३५**

सिद्धार्थनगर नगरपालिका कार्यालयमा काम गर्ने उत्कृष्ट कर्मचारीलाई पुरस्कृत गर्ने सन्दर्भमा **अनुसुचि १०** अनुसारको सूचक स्वीकृत गरी सोही अनुसार देहायका कर्मचारीलाई पुरस्कृत गर्ने निर्णय गरियो ।

| | |
|---|---|
| (क) शाखा अधिकृत | – श्री देवप्रसाद ज्ञवाली |
| (ख) शाखा अधिकृत | – श्री श्रीराम गुप्ता |
| (ग) नायब सुव्वा | – श्री बन्दना उपाध्याय |
| (घ) खरिदार | – श्री रेखा तुलाधार |
| (ङ) खरिदार | – श्री केशव प्रसाद पौडेल |
| (च) कार्यालय सहयोगी | – श्री दल बहादुर सिंजाली |

**निर्णय नं. ३६**

भवन तथा योजना मापदण्ड २०७२ लाई देहाय बमोजिम हुने गरी परिमार्जन गरी स्वीकृत गर्ने निर्णय गरियो ।

(क) मापदण्डको बुँदा ६.२९ मा बुद्धचोक देखि सनसाईन स्कुलसम्म भन्ने शब्दपछि "तथा अन्य घना बस्ती भएका सडकहरु" भन्ने वाक्यांश थप गर्ने ।

(ख) मापदण्डको बुँदा २.६ मा देहाय बमोजिमको उपदफा (घ) थप गर्ने "माथि जेसुकै लेखिएको भएता पनि साविकमा नक्सा स्वीकृती लिई तल्ला थपका लागि पेश हुने नक्साको हकमा सडक तर्फको सेटव्याक र FAR यसै मापदण्ड बमोजिम हुने गरी सधियारतर्फ झ्याल राख्दा छाड्नुपर्ने सेटव्याक यस अघि स्वीकृती दिदा कायम गरिएअनुरुप हुनेछ ।"

(ग) मापदण्डको बुँदा ७ मा स्वीकृती दिईनेछ भन्ने शव्द पछि "यो मापदण्ड लागु हुनुपुर्व कायम रहेको साविक मापदण्ड अनुरुप हुने गरी स्वीकृतीका लागि मिति २०७२।२।४ भन्दा अघि पेश भई दस्तुर समेत बुझाईसकेका नक्साको हकमा साविक मापदण्ड अनुरुप स्वीकृती दिन सकिनेछ । तर यस अनुरुप स्वीकृती दिदा मापदण्ड बमोजिम FAR कायम भएको हुनुपर्नेछ ।"

(घ) मापदण्डको बुँदा ८ पछि देहाय बमोजिमको उपदफा ८(क) थप गर्ने "८(क) अस्थायी नक्सा स्वीकृत लिई स्थायी स्वीकृती लिन बाँकी रहेका ४ बर्ष समय कटेका नक्साहरुको हकमा पुनः नक्सा पास प्रकृयामा ल्याई साविकको मापदण्ड बमोजिम हुने गरी स्वीकृती दिने ।"

**निर्णय नं. ३७**

सिद्धार्थनगर नगरपालिकामा संचालित एकिकृत शहरी विकास आयोजनाका लागि नगरपालिकाले ५ प्रतिशत पारस्परिक कोष (Matching Fund) उपलब्ध गराउनुपर्ने व्यवस्था रहेको र यस नगरपालिकाको आन्तरिक स्रोतको वर्तमान अवस्था एवम् नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट उक्त पारस्परिक कोषका लागि रकम छुट्याउदा नगरपालिका क्षेत्रभित्र गरिनुपर्ने अन्य स–साना विकास निर्माण कार्यहरु गर्न समेत स्रोत कमी हुन गएको हुँदा आगामी बर्षका लागि रु २,५०,०००००।०० (दुई करोड पचास लाख) म्याचिङ्ग अनुदान उपलब्ध गराईदिन नेपाल सरकार समक्ष अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

उन्नाईसौं नगरपरिषद्लाई सफलतापूर्वक सम्पन्न गर्ने क्रममा सहयोग पुऱ्याउनु हुने सबै राजनीतिक दलका प्रमुख तथा प्रतिनिधीज्यूहरु, सरकारी कार्यालय तथा गैर सरकारी संघ संस्थाका प्रमुख तथा प्रतिनिधीहरु, सञ्चारकर्मी मित्रहरु, बुद्धिजिवी, कर्मचारी, वडा नागरिक मञ्च तथा नागरिक सचेतना केन्द्रका पदाधिकारीहरु, सामाजिक परिचालकहरु एवम् सम्पूर्ण महानुभावहरुप्रति हार्दिक धन्यबाद् ज्ञापन गर्ने निर्णय गरियो ।

**१९ औं नगरपरिषद सफलतापूर्वक सम्पन्न भयो ।**